**भारतीय राजदूतावास**

**काठमाडौं**

## प्रेस विज्ञप्ति

काठमाडौंस्थित भारतीय राजदूतावासले आगामी महिनामा आयोजना हुन लागेको भारत–नेपाल स्टार्टअप पार्टनरशिप नेटवर्क (IN-SPAN) को पहिलो कार्यक्रमसम्बन्धी एक अभिमुखीकरण सत्र सन् २०२५ नोभेम्बर ४ गते आयोजना गऱ्यो।

भारत र नेपालको स्टार्टअप इकोसिस्टमहरूबीचको अन्तरक्रियालाई बढावा दिने व्यापक उद्देश्यका साथ आयोजना गरिने पहिलो पटकको IN-SPAN कार्यक्रम सन् २०२५ डिसेम्बरमा आईआईटी मद्रासमा सुरु हुने तालिका रहेको छ। यसमा नेपालका स्टार्टअपहरूका प्रतिनिधिहरूका लागि आईआईटी मद्रास प्रवर्तकसँगको सहकार्यमा आईआईटी मद्रासमा ८-हप्ताको, फुल्ली फण्डेड प्रशिक्षण र नवप्रवर्तन कार्यक्रम समावेश हुनेछ। उक्त मोड्यूलमा सहभागीहरूका लागि तालिम, परामर्श र इन्टर्नशिप समावेश हुनेछ।

आईआईटी मद्रास प्रवर्तक एक अग्रणी इन्क्यूबेटर हो जसले हालसम्म ४६ वटा स्टार्टअपहरूलाई इन्क्यूबेट गरिसकेको छ जसमध्ये १४ वटाले आफ्नो प्रविधिको सफलतापूर्वक व्यावसायिकीकरण गरेका छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव श्री राधिका अर्यालले उक्त सत्रमा प्रमुख अतिथिको रूपमा उपस्थित जनाउनुभयो र आफ्नो मन्तव्यमा उक्त पहलको प्रशंसा गर्नुभयो।

दूतावास परिसरमा आयोजित उक्त सत्रमा विभिन्न स्टार्टअपहरू, सरकारी विभागहरू, वाणिज्य संघहरू, रोबोटिक्स एसोसिएसन अफ नेपाल, एनएएस आईटी, फिनटेक एलायन्स, एआई एसोसिएसन अफ नेपाल र शैक्षिक संस्थाहरूबाट करिब १०० जना सहभागीहरू उपस्थित थिए।

वीरगंजका तथा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थान, धरान क्याम्पसका करिब ६० जना सहभागीहरू भर्चुअल रूपमा कार्यक्रममा सहभागी भए।

इलेक्ट्रिकल इन्जिनियरिङ्का प्राध्यापक तथा सेन्टर फर ह्युमन सेन्ट्रिक एआई, आईआईटी मद्रासका प्रमुख वैज्ञानिक प्रो. गौरव रैना अनलाइन कार्यक्रममा सामेल हुनुभयो र आईआईटी मद्रास र आईआईटीएम प्रवर्तकको नवप्रवर्तन इकोसिस्टमको बारेमा जानकारी दिनुभयो ।

यसअघि सोही दिन त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा पनि यस्तै सत्र आयोजना गरिएको थियो जसमा करिब ७० विद्यार्थीहरू सहभागी भएका थिए ।

आवेदनहरूको मूल्याङ्कन र उम्मेदवारहरूको अन्तर्वार्ताका आधारमा उक्त कार्यक्रमको लागि छनौट हुनेछ । आवेदनहरू सन् २०२५ नोभेम्बर १५ गतेसम्म खुल्ला रहनेछ । इच्छुक उद्यमीहरूले https://shorturl.at/Au8zh मा अनलाइन आवेदन दिन सक्नु हुनेछ ।